म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- १६ २०८१ मंसिर १७ गते सोमबार 2 December 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**जाडो मौसममा चिसोबाट बचौं ।**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## स्थानीय तह उपनिर्वाचन

# हेटौंडा-१२ मा काँग्रेसका अर्जुनप्रसाद तिवारी विजयी

समाज संवाददाता

हेटौंडाः स्थानीय तह उपनिर्वाचन अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१२ को वडा अध्यक्ष पदमा नेपाली काँग्रेसका अर्जुनप्रसाद तिवारी विजयी हुनुभएको छ । हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा सोमबार बिहान सकिएको मतगणनाअनुसार तिवारी २ हजार ६३ मतसहित वडा अध्यक्ष निर्वाचित हुनुभएको हो ।

काँग्रेस उम्मेदवार तिवारी तेस्रो प्रयासमा वडा अध्यक्ष निर्वाचित हुनुभएको हो । यसअघि २०७४ र २०७९ को निर्वाचनमा तिवारी पराजित हुनुभएको थियो । यसअघि २०७४ र २०७९ दुबै निर्वाचनमा नेकपा माओवादी केन्द्रका उम्मेदवार ललितबहादुर घलान वडा अध्यक्ष निर्वाचित हुनुभएको थियो। २०७९ को निर्वाचनमा वडाअध्यक्ष निर्वाचित घलान जिल्ला समन्वय समितिको प्रमुखमा निर्वाचित हुनुभएपछि वडाअध्यक्ष पद रिक्त थियो ।


वडाअध्यक्ष निर्वाचित अर्जुनप्रसाद तिवारी समर्थकको साथमा खुसीयाली मनाउनुहुँदै ।

वडा अध्यक्षका अर्का आकांक्षी नेकपा माओवादी केन्द्रका रविकुमार प्रधान (रविन) ले १ हजार ५ सय ६० मत पाउनुभएको छ । नेकपा एमालेका उम्मेदवार राजेश नगरकोटीले १ हजार ३ सय ९८ मतसहित तेस्रो हुनुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रेम बहादुर भोलनले १ सय ७८ मत पाउनुभएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का आशाविर बलले ८३ मत पाउनुभएको छ । नेकपा एकीकृत समाजवादीका उम्मेदवार बलराम बलले ७३ मत, मंगोल नेशनल अर्गनाइजेशनकी दीपा लामाले ३२ मत पाउनुभएको छ ।

यस्तै जनता समाजवादी पार्टी (जसपा नेपाल) का छविलाल वाइवाले १० मत पाउनुभयो । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) की फूलमाया तितुङ्गले १ मत मात्रै पाउनुभयो । स्वतन्त्र उम्मेदवार छत्रप्रकाश अधिकारीले ४ मत पाउँदा गीता कुमारी नेवारले २ मत पाउनुभयो भने अर्जुन घलानको मत शून्य रह्यो ।

यसअघि आइतबार बिहान ७ बजेटबाट साँझ ५ बजेसम्म संचालन भएको मतदानमा ६८.९ प्रतिशत मत खसेको थियो । २ वटा मतदानस्थलमा कायम गरिएको ९ वटा मतदान केन्द्रमा कुल ८ हजार ५६ मतदाता मध्ये ५ हजार ४ सय ८४ मत खसेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार ४ हजार ४ सय २८ मतदाता रहेको प्रतिभा आधारभूत विद्यालयको ५ मतदान केन्द्रमा ३ हजार १० मत खसेको छ भने विष्णुज्योति आधारभूत विद्यालयमा रहेको ४ वटा मतदान केन्द्रमा २ हजार ४ सय ७४ मत खसेको छ । २ हजार ९ सय ४६ महिला र २ हजार ५ सय ३७ पुरुष मतदाताले मतदान गरेका छन् । प्रतिभा मतदान केन्द्रमा १ हजार ६ सय ३७ महिला र १ हजार ३ सय ७२ पुरुषले मतदान गरेका छन् । विष्णुज्योति मतदान केन्द्रमा महिला १ हजार ३ सय ९ र पुरुष १ हजार १ सय ६५ मतदाताले मतदान गरेका छन् ।

स्थानीय तह उपनिर्वाचन अन्तर्गत हेटौँडा-१२ मा १०२ वर्षीय एक वृद्धले मतदान गर्नुभएको छ । हेटौँडा-१२ स्थित विष्णुज्योति आधारभूत विद्यालय मतदान केन्द्रमा गोविन्द लामिछानेले मतदान गर्नुभएको हो । उहाँले छोराको सहयोगमा मतदान गर्नुभएको हो । कतिपय हिँड्न नसक्ने मतदातालाई ह्वीचेयरमा राखेर समेत मतदानस्थल पुऱ्याएर मतदान गर्ने व्यवस्था मिलाइएको थियो ।

# गाँजासहितको ट्रक र चालक प्रहरीको नियन्त्रणमा



लागुऔषध गाँजासहित ट्रक चालकलाई सार्वजनिक गर्दै प्रहरी ।

समाज संवाददाता

हेटौंडाः अवैध लागूऔषध गाँजासहित मकवानपुर प्रहरीले ट्रक र चालकलाई नियन्त्रणमा लिएको छ। आइतबार बिहान ५ बजथेर ३० मिनेटको समयमा विशेष सूचनाको अधारमा ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी-९, ज्यामिरेबाट ट्रकलाई नियन्त्रणमा लिएको हो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-९, ज्यामिरेमा मनहरीबाट हेटौँडातर्फ जाँदै गरेको ना ६ ख २३४४ नम्बरको कन्टेनर ट्रकलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा ट्रकमा ५६ किलो गाँजा बरामद भएको मकवानपुर प्रहरीले जनाएको छ । प्रहरीले ट्रक चालक मनहरी-८, सिमपानीका २७ वर्षीय अनिल कुमार थिङलाई पक्राउ गरेको छ । मकवानपुर जिल्ला अदालतबाट १० दिनको अनुमती लिई चालक थिङलाई प्रहरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घर मा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

सम्पादक ।

# नीर शाहलाई १ लाख राशिको विजुली माया वनः श्रेष्ठ पुरस्कार



वरिष्ठ कलाकार नीर शाह ।

समाज संवाददाता

हेटौँडाः वरिष्ठ कलाकार, गीतकार नीर शाहलाई यस वर्षको 'विजुली माया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार' प्रदान गरिने भएको छ । भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले आईतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर पुरस्कार बारे जानकारी दिएको हो ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले १ लाख राशिको पुरस्कार नीर शाहलाई प्रदान गरिने निर्णय भएको जानकारी गराउनुभएको छ । व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी आमाको सम्मानमा २०६४ सालदेखि पुरस्कार र कम प्रायोजन गर्दै आउनुभएको छ। मूलतः चलचित्र निर्माण, निर्देशन एवम् अभिनयमा समर्पित शाह २०३२ सालदेखि निरन्तर नेपाली गीत लेखनमा समेत पुऱ्याउनुभएको योगदानको कदर गर्दै पुरस्कृत गर्न लागिएको प्रतिष्ठानले जनाएको छ ।

आगामी माघ १५ गते हेटौँडामा एक विशेष समारोहकाबीच नीर शाहलाई पुरस्कार समर्पण गरिने बताइएको छ । २०६४ सालमा अम्बर गुरुङलाई पुरस्कृत गरेर सुरु भएको 'विजुली माया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार' बाट क्रमशः प्रेमध्वज प्रधान, भक्तराज आचार्य, फत्तेमान राजभण्डारी, शान्ति ठटाल, दीप श्रेष्ठ, प्रकाश श्रेष्ठ, न्हुच्छेबहादुर डंगोल, मीरा राणा, कर्म योञ्जन, चेतन कार्की, दावा ग्याल्मो, दीपक जंगम, किरण प्रधान र राजेन्द्र थापा पुरस्कृत भइसक्नुभएको छ । प्रतिष्ठानले विभिन्न क्षेत्रमा पनि पुरस्कार तथा सम्मान वितरण गर्दै आएको छ ।

रेडियो निकास ९३.४
The Voice of Community

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

Hetauda School of Management and Social Sciences

TRANSFORMING CHALLENGES INTO OPPORTUNITIES



**के तपाईँ आफ्नो व्यावसायिक सपना साकार पार्न सही अवसरको खोजीमा हुनुहुन्छ ?**

**हेटौँडा स्कुल अफ म्यानेजमेन्टले व्यवसाय गर्न चाहने र व्यावसायिक सोच भएकाहरुकालागि उद्यमी पाठशालाको ६ महिने इन्क्युबेशन कार्यक्रम ल्याएको छ।**

यो ६ महिने इन्क्युबेशन कार्यक्रमले तपाईँलाई व्यावसायिक प्रशिक्षण, अनुभवी मेन्टरहरू बाट मार्गदर्शन, उद्योगपति सँग नेटवर्किङका अवसर, र बीउ पूँजीको सम्भावना प्रदान गर्छ। पछिल्लो कोहोर्टले उल्लेखनीय सफलता हासिल गरे पछि चौथो कोहर्टमा हेटौँडा उपमहानगरपालिका भित्रबाट आवेदन आह्वान गर्दछ।

**पछिल्लो कोहोर्टबाट बिउ पूँजि प्राप्त स्टार्टअप्सहरू**

- Eduvake- रू. २० लाख
- Rental Paradise- रू. ८.५ लाख
- The Ad Makers- रू. १.५ लाख

**कसले आवेदन दिन सक्ने?**

- हेटौँडा उपमहानगरपालिकाका बासिन्दा।
- व्यावसायिक सोच भएका र स्टार्टअप सुरु गर्न इच्छुक व्यक्ति।

**आवेदन मितिः**
**मङ्सिर २०, २०८१**
भित्र आवेदन फारम बुझाउनुहोस्।

**थप जानकारीको लागि सम्पर्कः ईशा सिलवाल, ९८६५३८४९६२, ihub@hsmonline.edu.np**

Hetauda-4, Makawanpur www.hsm.edu.np

## सम्पादकीय

# हेटौँडा उपमहानगरलाई बधाई

चितवन जिल्लाको रत्ननगर नगरपालिकाले आयोजना गरेको तेस्रो संस्करणको मेयर कप फुटबल प्रतियोगिताको उपाधि हेटौँडा उपमहानगरपालिकाले जितेको छ । शनिबार सम्पन्न फाइनल खेलमा चितवनकै राप्ती नगरपालिकालाई पराजित गर्दै हेटौँडा उपमहानगरपालिकाले उपाधि जितेको हो । हेटौँडा उपमहानगरको खेलकुद विकास समितिको अग्रसरतामा सहभागी हुँदै पहिलो पटकमै उपाधि जित्नु हेटौँडा उपमहानगरवासीका लागि सुखद् विषय हो । हेटौँडा उपमहानगरपालिकाले खेलकुदमा गरिरहेको लगानीको प्रतिफल पनि हो पछिल्लो उपाधि । फाइनल खेलमा आफ्नो टिमको हौसला बढाउन नगरप्रमुख मीना कुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमसहित वडा अध्यक्षहरु, नगर खेलकुद विकास समितिका पदाधिकारीको ठूलो समूह नै रत्ननगर पुगेको थियो । उपाधि विजेता टिम र नगर खेलकुद विकास समितिका पदाधिकारी, खेलाडी, टिमका अन्य सदस्य र नगरवासी नै खुसीको विषय हो ।

हेटौँडा उपमहानगर फुटबल खेलका लागि उर्वरभूमि हो । हेटौँडाका अञ्जन विष्ट, विमल पाण्डे, आयुष घलान, एन्जल महर्जन, छिरिङ लामा राष्ट्रिय टिममा समावेश छन् । राष्ट्रिय टिममा उपमहानगरका मात्रै प्रमुख पाँच खेलाडी सहभागी हुनु सामान्य विषय होइन । स्रोत, साधनको सीमितताका बीच नगरका ५ जना खेलाडी राष्ट्रिय टिमको प्रमुख खेलाडीको रुपमा रहीरहँदा आगामी दिनमा यस किसिमको उपलब्धीलाई कायमै राख्ने र अझ राम्रो गर्दै जाने विषयमा उपमहानगरका सरोकारवालाले गम्भीर भएर योजना बनाउनुपर्छ । नेपालमा फ्रेन्चाइज लिग समेत सञ्चालन भइरहँदा टिमकै स्वामित्व समेत हेटौँडाका धनाढ्यले लिनुपर्ने अपेक्षा खेलप्रेमीको रहने गरेको छ । तर, सरोकारवालाले भोलिको सम्भावनाको अध्ययन गरी उपयुक्त योजना बनाउनेतर्फ भने ध्यान दिन सकेको छैन ।

यसअघि राष्ट्रिय टिममा अटाएका हेटौँडाका सुनिल बल, रञ्जन विष्ट, उमेर समूहमा अशोक बराल, रोहित कार्की यतिबेला आफ्नो व्यक्तिगत र पारिवारिक बाध्यता र सम्भावनाको खोजी गर्दै विदेशिएका छन् । उमेर समूहमा पनि हेटौँडाका युवा खेलाडीको सहभागिता प्रशंसनीय छ । २० वर्ष उमेर समूहमा हेटौँडाका त्रिशल मोक्तान, १७ वर्ष उमेर समूहमा भुवन कामी, सन्तोष गोङ्बा र विशेष बानियाँले आफूलाई प्रस्तुत गर्दै आएका छन् । विगतदेखि नै फुटबल खेलमा हेटौँडाको सम्भावनालाई स्पष्ट संकेत गर्ने प्रसस्त उदाहरणहरु स्थापित छन् । एन्फा अध्यक्षको रुपमा गणेश थापा खेल जीवन र खेल प्रशासन दुबैतर्फ अब्बल सावित थिए । तर अनियमितताको आरोपमा उनी फुटबलबाट स्पष्टरुपमा बाहिरिन बाध्य हुनुपर्‍यो ।

यतिधेरै सम्भावना भए पनि हेटौँडा उपमहानगरले पूर्वाधार विकास र खेलकुदका गतिविधिमा ध्यान दिन सकेको छैन । शनिबार हेटौँडा उपमहानगरपालिकाले उपाधि जित्दै गर्दा नगरप्रमुखसहित प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष र जितको सन्देश सञ्चार भएपछि आम हेटौँडावासी खुसी थिए । उपाधि जित्दा जति खुसी भइन्छ, मैदानमा देखिने असाध्यै कमजोर अवस्थाले भने हामीलाई निराश बनाइरहेको छ । स्थानीय शक्तिशाली सरकारको रुपमा रहेर खेलकुदको विकासका लागि उपयुक्त नीति, रणनीति बनाएर जान सके राम्रो हुने थियो । उपमहानगरले किशोर फुटबलरको खोजीमा लगानी गर्नुपर्ने देखिन्छ । तर, उपमहानगर फुटबल प्रतियोगिताको नियमित आयोजनामै केन्द्रित छ । भेट्रान्स र टोल विकास संस्थास्तरीय प्रतियोगितामा लगानी गरेर बसिरहेको छ । यसअघि हरिबहादुर महतको कार्यकालमा एक पटक फुटबल खेलको प्रशिक्षक समेत नियुक्त गरिएको थियो । तर, त्यो कार्यक्रम नियमित सञ्चालन हुन सकेको छैन । तत्कालिन समयमा पनि प्रशिक्षकले छोटो अवधिमै राजिनामा दिएर बसेका छन् । अहिले उपाधि जितेकै अवसरमा दीर्घकालिन योजना बनाएर उपयुक्त ढाँचा र ढंगबाट फुटबलका साथै समग्र खेल क्षेत्रको प्रवर्द्धनको योजना तयारी गर्न स्थानीय सरकारको ध्यान जानु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौँडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक काममा सरिक भइने समय योग रहेको छ ।
**वृष** : व्यापार–व्यवसायका कामहरु मध्यमकारक छन् ।
**मिथुन** : धार्मिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**कर्कट** : कर्म प्रतिको निष्ठा बढ्ने समय योग छ ।
**सिंह** : विद्यार्थीका लागि हानिकारक समय योग छ ।
**कन्या** : ठूलाको सल्लाहले काममा पूर्णता प्राप्त होला ।
**तुला** : राजनीति र कार्यक्षेत्रमा समय व्यतित होला ।
**वृश्चिक** : बोलीमा मिठास र व्यवहारमा नम्रता राख्दा राम्रो ।
**धनु** : नोकरीमा सचेतता अपनाउँदा राम्रो रहला ।
**मकर** : रचनात्मक र सीपमूलक काममा सरिक भइएला ।
**कुम्भ** : ठूलाको बचन शिरोधार्य गर्दा राम्रो रहला ।
**मीन** : हाँके ताकेका कामहरु बन्ने समय छ ।

# ऋणको भकारीमा लोकतन्त्र

**बजेटको आकार वृद्धिसँगै देशको विकास छैन । विकासको छनक दिने राजनीति हो, यसलाई सेवाको रुपमा प्रयोग भएन, मेवा र पेडाको रुपमा मात्रै भयो । राणाशासन गयो, शैली उही रह्यो, हेर्दा ती ठीक थिए भनिँदै छ अहिले र चुनावी घोषणापत्रअनुसार काम भएन । राजनीति कम्पनी रजिस्टार कार्यालयमा दर्ता भई सञ्चालन हुने प्रालिजस्तो भयो, जसले सेयर बाँडफाँड गर्छ, लगानीको प्रतिफल लिन्छ र मुनाफा व्यवसाय मात्रै चलाउँछ ।**






✍अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो देश र हाम्रो लोकतन्त्रले ऋणको ठूलै भारी बोकेको छ । खर्चिलो र महँगो संघीयता अनि गणतन्त्र र धेरै ठूला संयन्त्रहरू छन् हाम्रा । चुनाव समयमै हुन्छ तर उद्योग, कलकारखाना समयमा स्थापित हुन्नन्, भएका पनि बन्द हुन्छन् । लगानीमैत्री वातावरण नहुँदा बैंकहरूमा तरलताको वृद्धि भइरहेको छ, बचतकर्ताले सामान्य ब्याज पनि पाउन सकेका छैनन् । सरकारले पुँजीगत खर्च गर्न सकेको छैन र रोजगारी सिर्जनाका काम हुन सकेको छैन ।

अघिल्लो सालको भुक्तानी दिन बाँकीसमेत भुक्तानी गर्दा ९ प्रतिशत पुँजीगत शीर्षकमा खर्च भएको छ । नेपालीहरू विदेश भासिएकाले विप्रेषण दरमा भन्ने अब्बल छ देश । अब्बल छ देश वायु प्रदूषणमा, जलवायु परिवर्तनको संकटमा त छँदै छ । अजरबैजानको बाकुमा क्षतिपूर्तिका दलीलहरू भरपुर प्रस्तुत भयो, सुनको थालमा हामी माग्न खप्पिस छौँ र विदेशीले धेरै अनुदान दिन नसके पनि ऋणमा भने तिनले कन्जुस्याइँ गरेका छैनन् ।

हाम्रो बजेटको शीर्षक तीन किसिमको छ– चालु, वित्तीय र पुँजीगत । चालु खर्च शीर्षकले तलबभत्ता भनौं दैनिक कार्य सञ्चालन हुन्छ, वित्तीय शीर्षकले ऋणको ब्याज भुक्तानी जनाउँछ र पुँजीगत शीर्षकले विकास निर्माणका काम भन्ने जनाउँछ । चालु खर्च अधिक छ, वित्तीयमा ब्याज मोटो रकम भुक्तानी हुने गरेको छ, रोजगारी सिर्जना, पुँजी निर्माणको काम, विकासका पूर्वाधारमा पुँजीगत खर्च अति न्यून र असारे, डोजरे हुने गरेको छ । हाम्रा पूर्वाधारहरू अरूका अगाडि देखाउन योग्य छैनन्, सुशासन र अनुशासनमा पनि हामी धेरै पछि परेका छौँ, काण्डैकाण्डले भरिएको र लोभीपापीहरुको जमातले कुर्सी ओगटेको भन्नेहरू धेरै छन् यहाँ । पछिल्लो काण्ड कम्बोडिया र जापान डिपोर्ट भएको छ । भनिन्छ, स्वीस बैंकमा नेपालीहरूको बचत भारी वृद्धि भइरहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले पनि यस्ता कुरा बेलाबेला कोट्याउँछ ।

देशमा लिडर र कार्यकर्ताहरू धेरै छन् तर स्टेट्सम्यानको अभाव छ । लिडरले चुनाव हेर्छ, स्टेट्सम्यानले देश । धान, चामललगायतका उत्पादित वस्तु निर्यात गर्ने देशले अहिले खाद्यान्नलगायत सबैजसो वस्तु आयात गरिरहेछ र युवालाई भने निर्यात । यहाँ जनशक्ति योजना, मानव संसाधन विकासको अभाव छ र देशलाई हाँकिरहने दलहरूले आलोपालो सत्ताको रसास्वादन गरिरहेका छन् । देश घाटामा छ, लोकतन्त्र घाटामा छ, गणतन्त्र र संघीयता सबै उधारो र घाटामै छन्, एक नेपाली नजन्मदै ८६ हजार बढी ऋणमा परेको छ । देश अहिले २५ खर्ब २८ अर्ब ६२ करोड बढीको ऋणमा छ, ०४६ को परिवर्तनअघिसम्म ३३ अर्ब ऋण थियो र चार दर्जन बढी उत्पादनमूलक उद्योग थिए ।

अहिले ऋण २६ खर्ब पुग्दा उद्योगहरू छैनन्, निकासीमा अब्बल भनेको सोयाबिन तेल हो, जुन यहाँको उत्पादन होइन, अलैंची निर्यात अब्बल भनियो, उत्पादन घटेको छ । केही चिया निकासी हुँदा विदेशीहरूलाई टाउको दुखेको छ र देश जति व्यापारघाटामा छ त्यति वार्षिक बजेट छ । विदेशी सामान आयात गरेर त्यसमा अन्तःशुल्क, भन्सार राजस्व बढाएर सरकार खुसी छ । एक वर्षको बजेट तीन पल्टसम्म संशोधन गर्नुपर्ने प्रेडिक्सन र भिजन, दूरगामी असरको ख्याल नगर्ने हाम्रो नेतृत्व छ । आयातित दाल, गेडागुडीमा भन्सार र अग्रिम आयकर बढाइदिँदा भान्छा खल्लो भयो । भर्खरै सुन आयात, दाल, गेडागुडीमा भन्सार, अग्रिम आयकर घटाइएको छ । कर घटाउँदा पनि बढेको भाउ नघटाउने हाम्रा व्यापारीहरू छन् र तिनको सीधै लगनगाँठो दल र नेतातिर गाँसिएको हुन्छ ।

डेडिकेटेट ट्रंकलाइनको विद्युत् बक्यौता लामो समयदेखि विवादित छ, लाइन काट्ने ह्याउ अब प्राधिकरणसँग रहेन । केन्द्रीय नेतृत्व नै व्यापारीको पक्षपोषणितर लाग्यो भन्दै अब उसले सेयर रोक्काका लागि कम्पनी रजिस्टार कार्यालय र बैंक खाता रोक्काका लागि राष्ट्र बैंकमा झिनो अस्त्र फालेको छ, त्यो पनि तग्न धेरै गाह्रो छ । एनसेलको रकम, विद्युत् बक्यौता रकम, अरू धेरै उठ्न बाँकी रकम उठाइयो भने धेरै एमसिसीहरू यहीँ सक्रिय हुन सक्छन् भन्ने विश्लेषकहरूको भनाइ छ । राजस्व बक्यौता नै २ खर्ब ५४ अर्ब बढी छ भनिन्छ ।

बिआरआईलाई केही नगर्नू, अनुदान पाए लिएर आउनू, अरू सम्झौता कुनै नगर्नू भन्ने श्रीहरूको आदेश जारी भइसकेको छ उत्तरतिरको भ्रमणमा । छिमेकीबाट २ लाख मे.टन गहुँ र ७० करोडको कोदो आयात गरेर चामलमा कोटा लिनुपर्ने देश हो हाम्रो । युवा जमात गाउँमा टिकेनन्, खेतबारी बाँझो छ र असारे विकास गाउँगाउँ पुगेर वडा अध्यक्षहरूका डोजरले माटो कोतरेको छ, भूक्षय बढाएको छ, बाढीपहिरो थपेको छ, गाईगोरुको मल होइन सुक्खा ट्याक्टरहरू डाँडामा पुग्दा खेतबारीका आली, कान्ला भत्काएको छ, त्यसको कच्चा पदार्थ इन्धन आयात बढेको छ ।

चालु वर्षमा ५ खर्ब ४७ अर्ब ऋण उठाउने लक्ष्य राखिएको छ । ऋणको लक्ष्य १८.६६ प्रतिशत पूरा भइसकेको छ । आन्तरिक ऋण ३ खर्ब ३० अर्बको, बाह्य ऋण २ खर्ब १७ अर्बको छ । गत असारसम्म २४ खर्ब ३४ अर्ब ९ करोड ऋण बोक्ने देशले अहिले २६ खर्ब नघाइसकेको छ । यो घट्ने क्रममा छैन, बढ्ने क्रममा छ, प्रतिनेपाली ८७ हजार ऋण असह्य हो । अन्तर्राष्ट्रिय हवाई मैदानहरू चल्न सकेका छैनन्, ठूलो सम्मेलन हल लुम्बिनीमा बनाइएकोमा सफाइ खर्च उठेको छैन । राजमार्गहरू असरल्ल र अधुरा छन्, नारायणगढ-बुटवल सडकमात्रै होइन, देशैभरिका सडक, सुरुङमार्गहरू यस्तै छन्, लागत खर्च र समय बढ्दै छ ।

देशैभरि अनुत्पादक भ्युटावरहरू उठे, ती टावरभन्दा अग्ला हाम्रा पहाडहरू छन्, ती टावरले काम पाएका छैनन्, काठमाडौँमा बनेको धरहरा निःशुल्क नहुने भयो, महानगर र केन्द्रको दूरी बढेको छ । संयन्त्रहरूमा समन्वय गर्न नसक्ने संघीयताले देशैभरिका नेताहरूलाई बिनालगानी रोजगारी दिएको छ, बेरुजु र भ्रष्टाचार बढाएको छ । अख्तियार र महालेखाको प्रतिवेदन हेर्दा छर्लङ्ग हुन्छ । अख्तियारले प्रतिवेदनमा भनेको छ, स्थानीय तहका १ सय २ भ्रष्टाचारका केसमा जनप्रतिनिधिहरू पनि छन् । संघ, प्रदेश गरी २ सय १ भ्रष्टाचारका मुद्दा दर्ता भएको छ एकै वर्षमा । पूर्वाधार तयार गर्न विदेशीहरूले रकम दिनुपर्ने, भत्कँदा पनि ऋण नै दिनुपर्ने अचम्मको देश छ हाम्रो । असोजको बाढीपहिरोका लागि विश्व बैंकले २० अर्ब खन्यायो ।

उद्योग बन्द हुँदै जाने, पीडितले समयमा उद्धार नपाउने, शिक्षा र स्वास्थ्य निजी क्षेत्रको भर पर्नुपर्ने, बजार अनियन्त्रित हुने, नागरिकले कर मात्रै तिरिरहनुपर्ने, राज्य केका लागि ? प्रश्न उठ्ने गरेको छ । निर्यात प्रोत्साहनमा अनुदान रकम रोकियो, निजी क्षेत्र भन्छ– निर्माण व्यवसायीले समयमा भुक्तानी पाएनन्, दूध र उखु किसानको पिरलो त्यही छ । कर्मचारी मर्यादाक्रममा समान रहेकोमा तलब असमान भयो भन्दै गएको रिटमा अदालतको आदेशलाई पुनरावलोकन गर्नुपरेको छ । सामाजिक सुरक्षालाई युगान्तकारी कदम भनियो, रोजगारदाता सबै सूचीकृत भएनन्, जहाँ वैदेशिक रोजगारीमा बाध्य पारियो, ती मात्रै आए । एक चौमासिकमा ४ खर्ब ७ अर्ब विप्रेषण लिने देशले सबैलाई निर्यात गरेमा यहाँ माटो पनि रहन्न र बाढीपहिरोको पीडाको असोज एक महिनामा डेढ खर्ब रेमिटेन्स आयो, कति धेरै !

कुल गार्हस्थ्य उत्पादनको २५ प्रतिशत विप्रेषण कमाउने देश भयो हाम्रो । एक चौमासिकमा एफडिआई प्रतिबद्धता १७ अर्ब ३ करोडको छ, गत वर्षको भन्दा पनि कम हो यो र प्रतिबद्धताको एक तृतीयांश मुस्किलले आउँछ । आव ०७९-८० मा विदेशी लगानी आयो जम्मा ६ अर्ब, लाभांश भन्दै विदेश फर्कियो १७ अर्ब ३३ करोड । आव ०८०-८१ मा विदेशी लगानी आएको जम्मा ८ अर्ब ४० करोडको हो, लगानी सम्मेलन यति बेलै भएको हो र प्रतिबद्धता थियो, ७० अर्ब २ करोडको । संघीयता भनियो, विदेशी लगानी अधिकांश केन्द्रमै छन्, गण्डकी, कोसी, मधेस, सुदूरपश्चिम, लुम्बिनी र कर्णाली क्रमशः छन् पछि मात्र । ५८ देशबाट लगानी आउँदा भारत नै अगाडि छ पहिलेझैं । उत्पादन उद्योगहरूमा लगानी घट्दै छ । स्वदेशीहरू नै लगानीमा इच्छुक नहुँदा विदेशी कसरी होलान् ? विदेशी त नाफा पाए आउने हुन् । कन्ट्री रेटिङ तयार भयो, बडा राम्रो छ भनिरहँदा पनि विदेशी लगानी आकर्षित भएको छैन, तैपनि उद्योग विभागको आँकडामा ५ खर्ब २८ अर्ब ९३ करोडको विदेशी लगानी यहाँ छ ।

हाल सोयाबिन तेल ३ अर्ब ४० करोड ९६ लाखको, कार्पेट २ अर्ब ३० करोड ७ लाखको, कालो चिया २ अर्ब ९ करोड १४ लाखको, अलैंची १ अर्ब ९० करोड २ लाखको, आइरन स्टिल १ अर्ब ७२ करोड ४१ लाखको, जुट १ अर्ब ६८ करोड ६८ लाखको, जुस १ अर्ब ५५ करोड ६६ लाखको निर्यात भएको छ भने डिजेलकै आयात २९ अर्ब ४ करोडको, पेट्रोल २१ अर्ब ५६ करोडको र एलपी ग्याँस आयात १८ अर्ब २५ करोडको छ पहिलो चौमासिकको तथ्यांक भन्सार विभागको ।

पर्यटन क्षेत्रबाट समृद्धिको सपना देखियो, तर बाटाघाटा राम्रा छैनन् । काठमाडौँ रमणीय र सुन्दर हुन खोज्दा सिंहदरबारलाई १ सय ४ को ज्वरो आउने गरेको छ । सन् २०१७ मा ९ लाख ४० हजार पर्यटक आए, औसत तिनको खर्च ५४ डलर नाघेन, बसाइ अवधि १२.६ दिन मात्रै रह्यो । सन् २०२३ मा १० लाख १४ हजार पर्यटक आए, औसत खर्च घटाए जम्मा ४१ डलर मात्रै, औसत दिन भने १३.२ रह्यो । यो वर्ष सुरु सात महिनामा ७ लाख २० हजार ३ सय ३४ पर्यटक आए, हाम्रा जहाज जहिले पनि ग्राउन्डेड रहने र इयुले कालोसूची हटाएन । ठूला विमानस्थलमा मुसाहरू खेल्न थालेका छन्, वन फँडानी गरेर बारामा अर्को विमानस्थल हाल्न पाइएन भन्दै नेताहरू रोइलो गर्दै छन् । विद्यार्थी र घुमफिरका नाममा पनि बाहिरिने नेपाली संख्या बढ्दै छ, रकम पनि तीव्र रूपमा बाहिरिने गरेको छ । लोकतन्त्रले विरोध सहन सकेको छैन, प्रतिपक्षीलाई एक-एक गरी छिमल्दै छ । सडकमा, सामाजिक सन्जालमा, युट्युबहरूमा नेतृत्वको तीव्र विरोध छ, असीमित रोष प्रकट भएको छ । जनतामा गाँस, बास, कपासको समस्या छ । सर्वहारावर्गको नेतृत्व लिएर सत्ताको भरेङ चढेको नेतृत्वले भुइँमान्छे बिर्सेको छ, आधारभूत आवश्यकताको पूर्ति उही ०४२ सालको रणनीतितिर फर्कंदै छ देश ।

ऋणको आहालमा डुबेको र व्यापार घाटाले किचिएको देशलाई उठाउने कसले हो, स्पष्ट छैन । नीति र योजनाहरू धेरै आए तर विज्ञता, क्षमताको प्रयोग भएन । विदेशीले खन्याएको रकमको सदुपयोग भएन, देश सधैँ भीक्षार्थी बनिरह्यो । नेता मोटाउने, जनता दुब्लाएर खाडीमा भासिने, फर्कंदा बन्दी बाकसमा हुनुपर्ने सन्दर्भमा दह्रो मिसन र भिजन भएको नेतृत्व खोजेकी छन् नेपाल माताले । श्री ३ को पन्जाबाट मुक्त भई सर्वप्रथम आयव्यय बजेट सार्वजनिक हुँदा ००८ सालमा देशमा जम्माजम्मी ८ करोडको बजेट थियो, हालको बजेट कति खर्ब छ ?

बजेटको आकार वृद्धिसँगै देशको विकास छैन । विकासको छनक दिने राजनीति हो, यसलाई सेवाको रूपमा प्रयोग भएन, मेवा र पेडाको रूपमा मात्रै भयो । राणाशासन गयो, शैली उही रह्यो, हेर्दा ती ठीक थिए भनिँदै छ अहिले र चुनावी घोषणापत्रअनुसार काम भएन । राजनीति कम्पनी रजिस्टार कार्यालयमा दर्ता भई सञ्चालन हुने प्रालिजस्तो भयो, जसले सेयर बाँडफाँड गर्छ, लगानीको प्रतिफल लिन्छ र मुनाफा व्यवसाय मात्रै चलाउँछ । पछिल्लो समय संघीयतालाई भरणपोषण गर्न आन्तरिक र वैदेशिक ऋण, सहयोग, बचतपत्र निष्कासन, करमाथि कर, बजारभाउको अकासिँदो अवस्थाले आमनागरिक वाक्कदिक्क भएका छन् । जनताका आशा निराशामा बदलिएका छन्, सबैमा चेतना भया ।

# रायोको साग सबैभन्दा सस्तो



समाज संवाददाता

हेटौँडाः हेटौँडास्थित थोक तरकारी बजारमा आइतबार सबैभन्दा सस्तो तरकारीको रुपमा रायोको साग रहेको छ । आइतबार थोक बजारमा रायोको साग प्रतिमुठा २० रुपैयाँमा बिक्री भएको छ भने हरियो लसुनको साग प्रतिकिलो २०० रुपैयाँ रहेको हेटौँडा-१ स्थित थोक तरकारी बजारको परिजात फलफूल तथा तरकारी सप्लायर्सका प्रोप्राइटर बद्रि घिमिरेले जानकारी दिनुभयो ।

आइतबार प्रतिकेजी केराउकोसाको एक सय ७० रुपैयाँ, काउली १०० रुपैयाँ, बन्दा ४० रुपैयाँ, गोलभैंडा १०० रुपैयाँ, घिउसिमी ९० रुपैयाँ, घर सिमी १०० रुपैयाँ, तितेकरेला ९५ रुपैयाँ, मुला ४० रुपैयाँ, कार्डिनल आलु ६७ र रातो डल्लो आलु ६४ रुपैयाँमा बिक्री भएको छ । यस्तै प्रतिकेजी लौका ६० रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, धनियाँ १०० रुपैयाँ, हरियो प्याज साग ८० रुपैयाँ प्रतिकेजी विक्री भएको छ । यस्तै राज्मा सिमी १०० रुपैयाँ, लौका ६५ रुपैयाँ, फर्सी ५५ रुपैयाँ, गाँजर १२० रुपैयाँ, मकै बोडी ७० रुपैयाँ, बरेला ४५ रुपैयाँ, कागती २२० रुपैयाँ, काक्रो ८० रुपैयाँ, पर्वल ९० रुपैयाँ र भन्टा ५० रुपैयाँ किलो बिक्री भएको घिमिरेले बताउनुभयो । पछिल्लो समय तरकारीको माग घटेको र उत्पादन बढेसँगै तरकारीको मूल्य सामान्य घट्दै गएको छ ।


## कैलाशपति कंक्रिट मेटेरियल प्रालिको

**हरहिसाब अद्यावधिक गर्नेसम्बन्धी जरुरी सूचना**

उपरोक्त विषयमा हेटौँडा-११, थानाभन्ज्याङस्थित कैलाशपति कंक्रिट मेटेरियल प्रालिको स्वामित्व मिति २०८० चैत १ गतेदेखि परिवर्तन भएको व्यहोरा यसका साहु तथा आसामी सबैमा जानकारीका लागि अनुरोध गरिन्छ । साथै २०८० चैत १ गतेभन्दा अगाडिको हरहिसाब अनुसार साहु तथा आसामीलाई लिनु-दिनुपर्ने दायित्व तथा भुक्तानी स्पष्ट गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कारोबार अद्यावधिक गर्नुहुन जानकारी गराइन्छ ।

**कैलाशपति कंक्रिट मेटेरियल प्रालि**
**हेटौँडा-११, थानाभन्ज्याङ**
**०५७-७२७१६१**


# एचआइभी सचेतना कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालले एएचएफ नेपालको सहयोगमा माइती नेपालमा आवद्ध महिलालाई सचेतना कार्यक्रम गरेको छ। कार्यक्रमले एचआइभी रोकथाम, उपचार, र कलंक घटाउने महत्वबारे सहभागीलाई जानकारी गराइएको थियो ।

कार्यक्रम अन्तरक्रियात्मक सत्रको स्वरूपमा आयोजना गरिएको थियो । प्रश्नोत्तर सत्र कार्यक्रमको मुख्य आकर्षण बनेको थियो । जसमा सहभागीहरूले पाँचवटा मुख्य प्रश्नहरूको उत्तर दिएर एएचएफ नेपालद्वारा टी-सर्टहरू पुरस्कार स्वरूप प्राप्त गरे । यसले सहभागीहरूमा उत्साह र थप जिज्ञासा उत्पन्न गरायो ।

कार्यक्रममा मकवानपुर जिल्लाका सरोकारवालाहरु, एमपीजी, जीडब्लुपी, र फ्रेन्ड्स हेटौँडाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उनीहरुको सहभागिताले समुदायमा एचआइभी सम्बन्धी मुद्दाहरु समाधान गर्न सहकार्य र समर्पणको महत्वलाई झल्काएको आयोजकको दावी छ ।


## श्री महाचुनी माध्यमिक विद्यालय

ईन्द्रसरोवर गाउँपालिका-५, मकवानपुर

**सूचिकृत हुने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१७)*

प्रस्तुत विषयमा यस विद्यालयका लागि बागमती प्रदेश सरकारबाट आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा मकवानपुर र यस विद्यालयबीच भएको सम्झौता अनुसार बस उपलब्ध गराउनका लागि इच्छुक उत्पादक तथा अधिकृत विक्रेताहरुबाट यो सूचना प्रकाशन भएको मितिबाट ३५ (पैंतीस) दिनभित्र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सूचीकृत गर्न गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**
१) सुचीकृत हुने व्यहोराको निवेदन ।
२) संस्था तथा कम्पनीको इजाजतपत्र ।
३) उत्पादक वा अधिकृत विक्रेताको दर्ता प्रमाणपत्र ।
४) आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र ।
५) उपलब्ध गराउने विद्यालय बसको पूरा विवरण भएको ब्रोसियर तथा क्याटलग ।

**पुनश्च** : सूचीकृत भएका उत्पादक वा अधिकृत विक्रेताहरु मध्येबाटै पूर्ण प्रतिस्पर्धात्मक र पारदर्शी ढङ्गबाट बस खरिदका लागि कुनै एक उत्पादक वा विक्रेता छानिनेछ ।

**प्रधानाध्यापक**
**सम्पर्क नं. ९८५५०२८५६७/९८४५५०३९७२**



## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/१७*

बागमती गाउँपालिका कार्यालयको मिति २०८१/०८/०९ गते चलानी नं. ७४९ को पदपूर्ति अनुमतीपत्र अनुसार 'माध्यमिक तह (कक्षा९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान' कार्यक्रम अन्तर्गत यस श्री सूर्य माध्यमिक विद्यालयलाई माध्यमिक तह विज्ञान विषयको शिक्षण सहयोग अनुदान उपलब्ध भएको हुँदा उक्त माध्यमिक तह विज्ञान विषयको शिक्षण सहयोग अनुदान कोटाको लागि १ (एक) जना शिक्षक आवश्यकता परेकोले खुला प्रतिस्पर्धा तथा करार सूचीमा परेकाहरुका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**
**विज्ञापन नम्बर : ०१/२०८१/०८२**
पद : मा.वि. विज्ञान विषयको शिक्षण सहयोग अनुदान कोटा १ (एक) जना,
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,
न्यूनतम शैक्षिक योग्यता : मुख्य विषय विज्ञान लिई द्या।क्अ वा सोसरह उत्तीर्ण गरेको सो भन्दा माथि उत्तीर्ण गरी शिक्षण अनुभवीलाई विशेष ग्राह्यता,
तलब भत्ता : नेपाल सरकारको नियमानुसार,
परीक्षाको किसिम : लिखित/मौखिक र कक्षा अवलोकन (आवश्यकताअनुसार),
दरखास्त दिने अन्तिम मिति : २०८१/०९/०१ गते अपरान्ह ४:०० बजेसम्म,
सम्पर्क मिति २०८१/०९/०१ गते अपरान्ह ४:०० बजेसम्म,
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
परीक्षा दस्तुर : १,५००।- (एक हजार पाँच सय रुपैयाँ) यस विद्यालयको सानिमा बैङ्कको चल्ती हिसाव नं. ०६२०१००१००००३२ मा रकम दाखिला गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरूः**
१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी-२ थान
२) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी-२/२ थान
३) स्थायी अध्यापन अनुमतिपत्रको-२ थान

**नोट**: शिक्षक सेवा आयोगको नियमावली, २०५७ (संशोधनसहित) को नियम २४ को (३) र ४ बमोजिमका उम्मेदवारलाई मेरिटका आधारमा बागमती गाउँपालिकाको करार शिक्षक, विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ बमोजिम नियुक्ति गरिनेछ । (करार सूचीमा रहेका शिक्षकका लागि ७ दिन मात्र) ।
विस्तृत जानकारीका लागि सम्पर्क नम्बर
वि.व्य.स. अध्यक्ष ९८५५०६९७३९, प्र.अ. ९८४९२२६६८८

**प्रधानाध्यापक**
**श्री सूर्य माध्यमिक विद्यालय**
**बाग्मती गाउँपालिका-१, माझगाउँ, मकवानपुर**


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2


## 'आमाले सक्नुहुन्छ'



सहर्ष गौतम

### पुस्तक समीक्षा

**बाल मनोविज्ञानमा आधारित आमाले सक्नुहुन्छ बालबालिकाका लागि जति प्रेरणादायी छ त्यति नै साना हुर्किरहेका नानीहरूका लागि र नानीहरू हुर्काइरहेका अभिभावकहरूका लागि पनि उत्तिकै महत्व छ ।**




मैले समीक्षा गरेको यस पुस्तकको शीर्षक 'आमाले सक्नुहुन्छ' हो। यस पुस्तकको बाहिरी पानामा हामीले यस पुस्तकको शीर्षक थाहा पाउन सक्छौं र त्यसै पानामा हामीले लेखकको नाम थाहा पाउन सक्छौं। आमाले सक्नुहुन्छ यस पुस्तकले हामी एउटी आमाको क्षमता, योगदान, भूमिका वा उहाँले गर्न सक्नुहुने हिम्मतको बयान गर्न खोजेको छ। यस पुस्तकका कथाकार आन्विका गिरी हुन् । आन्विका गिरीका रचनाहरुले बालबालिकाहरुलाई समाजका घटना, घर, छिमेकका घटना , गाउँ, शहर तथा विद्यालयमा हुने विभिन्न विसंगतिपूर्ण क्रियाकलापहरूको बारेमा सजग गराउने गर्दछन् ।

आमाले सक्नुहुन्छ एक सचित्र बाल कथा श्रृङ्खला हो । प्रस्तुत पुस्तकमा सामाजिक समस्या समाधान गर्न महिलाहरूको सामर्थ्य र परिवारमा उनीहरूको योगदान एउटी बालिकाको माध्यमबाट सरल भाषा र रोचक शैलीमा प्रस्तुत गरिएको छ। यस पुस्तकले नेपाली समाजमा महिलाको स्थिति पारिवारिक जिम्मेवारीबारे अनेक ज्ञान पस्किएको छ।

यो कथा प्रथम पुरुषीय दृष्टिविन्दुमा संरचित छ। यस कथाको म पात्र माधवी नामक एउटी ४ कक्षामा अध्ययन गरिरहेकी बालिका हुन्छिन् । उनी यस कथाको मुख्य पात्र हुन् र आमाबुबासँगै बस्छिन् उनको दाई प्रकाश पाँच कक्षामा पढ्छ भने भाइ रमेश भर्खर दुई कक्षामा पढ्छ। उनका आमाबुवा दुवै जना खेती किसानी गर्नुहुन्छ । आमाबुबा बिहान सबेरै ढक्कीमा तरकारी बोकेर जार पुऱ्याउनुहुन्छ त्यसैबाट उनीहरूको गुजारा चल्छ। उनका घर वरिपरि छिमेकी र केही नातेदार काका काकी बस्छन् । चाडबाडको बेला घरदेखि टाढाका काका काकी एकै ठाउँमा जम्मा हुन आउँछन् । यस कथाभित्र पुरुषहरूको अहमतालाई देखाइएको छ। पुरुष मान्छे भनेका जागिर खाने, घरदेखि बाहिर बस्ने र पैसा कमाउने, घरपरिवारलाई पाल्ने ठूलो जिम्मेवारी बोकेका मान्छे हुन् भनेर देखाउन खोजिएको छ। तर यस कथाले महिला वर्गलाई भने घरधन्दामै सीमित हुने, बच्चाबच्ची पाउने, तिनलाई स्याहार्ने, गाईभैंसी मेलापात गर्ने आदि काममा मात्रै सीमित गरेको पाइन्छ।

यस कथा गाउँले परिवेशमा संरचित छ तराईको गाउँलाई यस कथाले आफ्नो परिवेश बनाएको छ । बाल मनोविज्ञानमा आधारित आमाले सक्नुहुन्छ बालबालिकाका लागि जति प्रेरणादायी छ त्यति नै साना हुर्किरहेका नानीहरूका लागि र नानीहरू हुर्काइरहेका अभिभावकहरूका लागि पनि उत्तिकै महत्व छ ।

यस कथाले हामीहरूलाई घरमा आफ्ना आमाबुवाको जिम्मेवारी पारिवारिक सम्बन्ध दाजुभाइ र दिदीबहिनी बीचको आत्मीयता स्कुल र सामाजिक परिवेशमा घुलमिल घरमा हरेक सदस्यहरूको भूमिका सामाजिक कुरीति र लैङ्गिक असमानताको विरुद्धमा आवाज उठाउने सचेत गराउने आदि कुराहरुमा हामीलाई सजग गराएको छ। मलाई यस कथाको विषयवस्तु यसकारण मनपरेको छ कि हाम्रो जीवनमा उपयोग हुने धेरै कुरा यस कथाले सिकाउँछ। सामाजिक समस्या र दैनिक जीवनका समस्याहरुलाई कसरी हल गर्ने भनेर सुझाव दिन्छ। मानिसको जीवनमा आइपर्ने सुख र दुःखका पाटाहरुलाई सबै मिलेर समाधान गर्नुपर्छ । पारिवारिक मेलमिलाप नै ठूलो औषधि हो। महिलाहरु घरभित्र मात्र सीमित हुनुहुँदैन । भनेर यस कथाले सिकाउन खोजेको छ ।


*कक्षा-९*

## झोला



वेदाङ्ग सुवेदी

लेखकः कृष्ण धरावासी
प्रकाशकः संगम पब्लिकेशन
प्रकाशन वर्षः २०६०
पृष्ठ संख्याः ६०
शैलीः कथा




### पुस्तक समीक्षा

परिचयः झोला नेपाली साहित्यमा एक अविस्मरणीय कृति हो, जसको लेखन कृष्ण धरावासीले गरेका हुन् । यो कथा विशेषगरी नेपालमा सैयौं वर्षदेखि चलिआएको प्राचीन र क्रूर प्रथा 'सती प्रथा' माथि आधारित छ। झोला कथामा पचासको दशकमा हिन्दू विधवाहरूलाई आफ्ना पतिका साथ चितामा बली चढाउन बाध्य बनाइने अमानवीय प्रथालाई लेखकले उजागर गरेका छन्। यो पुस्तक साहित्यिक र सामाजिक दृष्टिकोणले निकै सशक्त र भावनात्मक छ ।

कथाको सारांशः झोला कथाको मुख्य पात्र एक विधवा महिला हुन्, जो आफ्ना श्रीमानको मृत्युपछि सती प्रथाअनुसार चितामा जल्नुपर्ने अवस्थामा पुग्छिन् । उनको आफ्नै छोरा, समाज र धर्मका नाममा उनलाई यो क्रूर प्रथाको शिकार बन्न बाध्य बनाउँछन् । तर उनको नाबालक छोराको माया र समाजको अन्यायले उनलाई जिउनको प्रेरणा दिन्छ। आखिरमा उनी बच्न सफल हुन्छिन् र समाजको दृष्टिकोण र त्यसका क्रूर परम्पराहरू विरुद्ध एउटा सन्देश दिन सक्षम हुन्छिन् ।

प्रमुख विषयवस्तुः झोला कथामा मुख्यतः निम्न विषयवस्तुहरूलाई उजागर गरिएको छः

१) सती प्रथा र पितृसत्तात्मक समाजः यो कथाले नेपाली समाजमा प्रचलित सती प्रथाको कठोरता र पितृसत्तात्मक समाजको क्रूरताको यथार्थ चित्रण गरेको छ ।

२) स्त्रीको संघर्ष र आत्मशक्तिः महिला पात्रको संघर्ष, मानसिक पीडा र आत्मशक्ति प्रमुख विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ। लेखकले महिला पात्रको मर्मस्पर्शी कथा लेख्दै उनको संघर्षलाई प्रेरणादायक ढंगमा प्रस्तुत गरेका छन् ।

३) धार्मिक आडम्बर र सामाजिक अन्यायः यो कथा केवल एक महिलाको कथा नभएर धर्मको आडमा गरिएको सामाजिक अन्यायको विरोध पनि हो । समाजले धर्मको नाममा कति विभत्स र निर्दयी प्रथालाई अपनाएको थियो भन्ने कुरा यहाँ उजागर गरिएको छ ।

साहित्यिक विशेषताः कृष्ण धरावासीको लेखनशैली निकै सरल र सजीव छ । उनले शब्दको चयन र संवादहरूको माध्यमबाट कथा निकै भावनात्मक तरिकाले प्रस्तुत गरेका छन् । कथामा सजीव चित्रण, संवेग र मानवीय संवेदनाले पाठकलाई गहिरो प्रभाव पार्छ । पचासको दशकमा सती प्रथाका कारण महिलाले भोग्नुपरेका पीडा र मानसिक त्रासलाई उनले यथार्थ ढंगले उतारेका छन् ।

सन्देशः झोला कथाले केवल एक कथा मात्र होइन, समाजप्रति एउटा गहिरो सन्देश पनि दिन्छ। यसले महिला सशक्तीकरण, आत्मसम्मान र सामाजिक अन्यायविरुद्धको चेतना फैलाउने कार्य गरेको छ । कथा महिला अधिकारको आवाज उठाउने एउटा साधनका रूपमा प्रस्तुत भएको छ, जसले धर्मका नाममा गरिएको अन्यायको खुला विरोध गर्छ ।

निष्कर्षः झोला नेपाली साहित्यमा एक अमूल्य र उत्कृष्ट कृति हो, जसले समाजलाई आत्ममूल्यांकन गर्ने अवसर प्रदान गर्दछ। यो कथा सरल लेखनशैलीमा गहिरो सन्देश समेटेको छ । झोलाको सन्देश अत्यन्त प्रेरणादायी छ, र यसले समाजमा भएका असमानता र अन्याय विरुद्ध लड्न प्रेरणा दिन्छ । यसले नेपालका पाठकहरूमा समाज सुधारको महत्त्व बुझाउन महत्वपूर्ण भूमिका खेलेको छ । समग्रमा झोला एउटा गहिरो, सशक्त, र परिवर्तनको प्रेरक कथा हो, जसलाई एक पटक अवश्य पढ्नुपर्छ।

*कक्षा-९*

## चितवनमा महिला फुटबल हुँदै

# हेटौंडा फुटबल एकेडेमी सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः तेस्रो संस्करणको सेन्ट्रल कलेज महिला फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमीको महिला टिम सहभागी हुँदैछ । मंसीर २२ गतेदेखि चितवन जिल्लाको रत्ननगर नगरपालिका टिकौलीचौरमा हुने सेन्ट्रल कलेज रत्नप्रिय महिला फुटबल प्रतियोगितामा हेटौँडा फुटबल एकेडेमीको महिला खेलाडीलाई सहभागी गराउन लागेको अध्यक्ष तथा प्रशिक्षक भीम लामाले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा चितवनको आयोजक रत्नप्रिय क्लब, चितवनकै सूर्यपुर एफसी, ओखलढुंगा, काठमाडौं महानगरपालिकाको संकटा एफसी, बारा जिल्लाको निजगढ फुटबल एकेडेमी, सर्लाहीको बागमती युथ क्लब र नवलपुरको अभिषेक चर्च गरी ८ टिमहरुको सहभागिता रहने प्रशिक्षक भीम लामाले बताउनुभयो । रत्नप्रिय क्लब क्लबको आयोजनामा, रत्ननगर नगरपालिकाको प्रवर्द्धनमा तथा ९ नम्बर वडा कार्यालयको संरक्षणमा क्लबले प्रतियोगिताको आयोजना गर्न लागेको प्रशिक्षक लामाले बताउनुभयो ।

पर्यटन कृषि तथा खेलकुद हुन पूर्वाधार, रत्ननगर पालिकाको विकासको आधार भन्न नारालाई सार्थक बनाएर तथा विभिन्न बाहिरी जिल्लाका महिला खेलाडीको प्रतिभालाई प्रष्फुटन गर्न र महिला खेलाडीको विकास गर्नका लागि प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ११ हजार १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीहरुलाई जनही ५/५ हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने छ । प्रतियोगिताको फाइनल खेल मंसीर २९ हुने प्रशिक्षक लामाले बताउनुभयो ।

# पिप्ले युवा क्लबले यु-१५ फुटबल प्रतियोगिता गर्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित पिप्ले युवा क्लबले वडाध्यक्ष कप फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ । हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडा कार्यालयको मुख्य सहयोगमा पहिलो संस्करणको वडाध्यक्ष कप फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो । 'राष्ट्रिय खेलाडी बन्ने होड' उत्पादनमा जोड' भन्ने मूल नाराका साथ यु-१५ ८ 'ए' साइट फुटबल प्रतियोगिता गर्न लागेको पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरले जानकारी दिनुभएको छ ।

हेटौंडा-५, पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगिता यही मंसीर २७ गतेदेखि ३० गतेसम्म हुने अध्यक्ष सुविन घिमिरेले बताउनुभयो । प्रतियोगितामा मकवानपुरसहित अन्य जिल्लाबाट करिब १६ वटा टिमहरुको सहभागिता रहने अनुमान गरिएको अध्यक्ष घिमिरेले बताउनुभयो । खेलको विकास गर्न, १५ वर्ष उमेर समूहका खेलाडीहरुको उत्पादन गर्न र खेलाडीहरुमा एक अर्काबीच भातृत्व सम्बन्धको स्थापनका गर्नका लागि प्रतियोगिताको आयोजना गरेको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि २३ गतेसम्म टिम दर्ता गराइसक्नु पर्ने र २४ गते खेलतालिका सार्वजानिक गरिने उहाँले बताउनुभयो ।

खेलाडीहरु उत्पादन गर्ने उद्देश्यले क्लबका अध्यक्ष घिमिरले किशोर खेलाडीहरुलाई नियमित रुपमा प्रशिक्षण दिइरहनुभएको छ । प्रतियोगिताका लागि पिप्ले-क्याम्पा रंगशालामा मैदान व्यवस्थापनको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । प्रतियोगिताको लागि खेल मैदानमा धरसो बनाउने, घाँस उमार्ने लगायतका कामहरु गरिएको थियो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि ३ हजार ५ सय रुपैयाँको व्यवस्था गरिएको छ । प्रतियोगिता आयोजनाका लागि करिब ५ लाख रुपैयाँको बजेट खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

समाज संवाददाता

हेटौँडाः रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-५, हाकुबेशीमा मोटरसाइकल दुर्घटनामा परी चालकको मृत्यु भएको छ । शनिबार दिउँसो १ बजेर ३० मिनेटको समयमा भित्री सडक खण्डमा हाकुबेशी ड्र्यामसाईडबाट हाकुबेशीतर्फ जाँदै गरेको बा प्र ०२ ०११ प ४६०७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकबाट ४ सय मिटर तल खसेर दुर्घटना हुँदा चालकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा चालक रसुवाको आमाछोदिङ्मो-१ हाकुबेशी घर भई माथिल्लो त्रिशुली जलविद्युत आयोजनाको ड्र्यामसाईडको सुरुङ भित्र काम गर्ने २० वर्षीय राम बहादुर तामाङको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते तामाङलाई उपचारका लागि लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# पुरुषको शव फेला

समाज संवाददाता

हेटौँडाः नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-७, रातमाटेमा एक जना पुरुषको शव फेला परेको छ । शनिबार बिहान ९ बजेको समयमा त्रिशुली नदीको बीच टापुमा ढुङ्गामा अड्किरहेको अवस्थामा शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सनाखत हुन नसकेको शव अन्दाजी ५० वर्षीय पुरुष व्यक्तिको भएको प्रहरीले जानकारी दिएको छ । शवको पहिचान हुने अवस्था नरहेको प्रहरीले जनाएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली नुवाकोट लगिएको छ ।

# बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको राप्ती नगरपालिका-५, खहरे पुलमा बसले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । शनिबार राती ८ बजेको समयमा पूर्व-पश्चिम राजमार्गमा काँकडभिट्टाबाट चितवनतर्फ जाँदै गरेको प्र १ ०१-००१ ख ४१३८ नम्बरको बसले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

बसको ठक्करबाट राप्ती नगरपालिका-६ का ६२ वर्षीय मनुराम महतोको मृत्यु भएको हो । बसको ठक्करबाट गम्भीर घाईते भएका महतोलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा शनिबार राती ९ बजेर १५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बस र बस चालक झापा शिवसतासी गाउँपालिका-६ का ४८ वर्षीय देवेन्द्र थापा र बसलाई ईलाका प्रहरी कार्यालय खैरहनीले नियन्त्रणमा लिएको छ ।

# खोलामा डुबेर रखुवालको मृत्यु

समाज संवाददाता

हेटौँडाः काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिका-३, देउरालीमा खोलामा डुबेको अवस्थामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५९ वर्षीय रेख बहादुर रखुवाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

रखुवाल महाभारत गाउँपालिका-५, तीनखुट्टेस्थित महादेव मन्दिरमा मेला हेर्न गएकोमा शनिबार बिहान ७ बजेको समयमा मन्दिरबाट ५० मिटर पूर्व खानीखोलामा डुबी मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ ।

# अध्यापन अनुमतिपत्रको परीक्षाममा ३६७१ जना परिक्षार्थी

समाज संवाददाता

हेटौँडाः शिक्षक सेवा आयोगले निम्न माध्यमिक तहको शिक्षण अध्यापन अनुमतिपत्रको परीक्षामा शनिबार भएको छ । हेटौँडा भएको परीक्षामा एक हजार ३ सय २९ जना परीक्षामामा अनुपस्थित भएका छन् ।

परीक्षाका लागि ५ हजार परीक्षार्थीले आवेदन फारम भरेकोमा ३ हजार ६ सय ७१ जनामात्र उपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका परीक्षा शाखाकी प्राविधिक सहायक सरला अधिकारीले जानकारी दिनुभयो । शिक्षण अनुमतिको वस्तुगत परीक्षा दिउँसो १ बजेदेखि २ बजेसम्म सञ्चालन भएको थियो । हेटौंडा उपमहानगरभित्रका ११ वटा विद्यालयमा २० वटा परीक्षा केन्द्र रहेको थियो । हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय, बालजागृति इङ्लिस सेकेण्डरी स्कूल, हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालय परीक्षा केन्द्र तोकिएको थियो । यसैगरी हेटौंडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालय, हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालय, हेटौंडा-६ स्थित वंशगोपाल माध्यमिक विद्यालय, हेटौंडा-११ स्थित त्रिभूवन माध्यमिक विद्यालय र हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ । २० जना केन्द्राध्यक्ष समेत तोकिएका थियो ।

# प्रधानमन्त्रीको भ्रमणमा धेरै सदस्य देखिएको मात्रै हो : प्रवक्ता

काठमाडौंः सरकारको प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणमा धेरै सदस्य नरहेको बताएका छन् ।

यही मंसिर १० गते बसेको मन्त्रिपरिषदको बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्ने क्रममा गुरुङले यस्तो बताएका हुन् । प्रधानमन्त्री ओली यही मंसिर १७ गतेदेखि चार दिने चीन भ्रमण गर्दैछन् । प्रधानमन्त्रीको भ्रमण टोलीमा निजी क्षेत्रबाट समेत गरेर ८७ जना सहभागी हुँदैछन् । यसलाई लिएर कतिपयले प्रधानमन्त्रीको भ्रमण दल ठूलो भएको भनेर उठाएका प्रश्नहरूको सम्बोधन गर्दै मन्त्री गुरुङले दूतावासका कर्मचारी र निजी क्षेत्रको सहभागिताले प्रधानमन्त्रीको भ्रमण दल धेरै देखिएको बताए ।

'खास प्रतिनिधिमण्डलमा सरकारले निर्णय गरेको हुन्छ त्यति (सदस्य) हुन्छन् । त्यहाँ (चीन)को राजदुतावास हुन्छ । राजदुतावासको कर्मचारी पनि त्यसमा सामेल हुन्छन् । राजदुतावासका सबै कर्मचारी सामेल हुने भएको हुनाले सरकारी प्रतिनिधिमण्डल धेरै देखिने मात्रै हो,' उनले भने । मन्त्री गुरुङले प्रधानमन्त्री स्तरमा भारत र चीन भ्रमण हुँदा निजी क्षेत्र समेत सामेल हुने अभ्यास रहेको बताए । 'भारतमा जाँदा पनि हामीले २१ सदस्यीय, ३१ सदस्यीय भन्छौं तर सय डेढसय मान्छे पुगिरहेको हुन्छ । किनभने यो दुइटा छिमेकी देशमा जाँदा निजी क्षेत्रका उद्योगी, व्यवसायीहरू धेरै आफ्नै खर्चमा जाने हुन्छन् । त्यसो भएर धेरै देखिएको मात्रै हो' मन्त्री गुरुङले भने । मन्त्री गुरुङका अनुसार प्रधानमन्त्रीको चीन भ्रमणमा मन्त्रिपरिषद सदस्यबाट परराष्ट्रमन्त्री आरजु राणा मात्रै सहभागी हुनेछिन् । 'भ्रमण दलमा मन्त्रीमा परराष्ट्रमन्त्री आरजु देउवा मात्रै हुनुहुन्छ । कर्मचारीमा मुख्य सचिव, अर्थसचिव र परराष्ट्र सचिव हुनुहुन्छ' मन्त्री गुरुङले भनेका छन्, 'अरु सबै पदाधिकारी हुनुहुन्छ । निजी क्षेत्रका यो यो भनेर भनिराख्ने चलन हुँदैन । त्यो सचिवालयले मिलाएरै जाने चलन हुन्छ ।' *(स्रोतः अनलाईनखबर)*

एनपीएल क्रिकेट मज्जा लिऔं




BUDDHA Bar & Restaurant
बुद्ध बार एण्ड रेष्टुरेन्ट
हेटौँडा-४, स्कूलरोड
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery 9802923576

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित
सम्पर्कः ९८५५०६८८७३

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ